राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० असोज २० गते

# भयरहित चुनावी वातावरण तयार पार

बारा जिल्ला क्षेत्र नं ४ मा नेकपा एमालेबाट संविधानसभामा प्रत्यासी बन्नुभएका महम्मद आलममाथि असोज १८ गते गोली प्रहार भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले उहाँको स्वास्थ्य अवस्था र उपचारबारे अनुगमन गरेको छ । अनुगमनबाट प्राप्त जानकारीअनुसार उहाँको स्वास्थ्य अवस्था गम्भीर रहेको पाइएको छ ।

महम्मद आलममाथि गोली प्रहार भएको घटनाले निर्भयपूर्वक र स्वतन्त्र रूपमा चुनावी प्रक्रियामा सहभागी हुने अधिकारको हनन भएको छ । यसबाट 'नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६' तथा नेपाल पक्षराष्ट्र भएको मानव अधिकारसम्बन्धी मूल सन्धिहरू, 'नेपालको अन्तरिम संविधान, २०६३' ले प्रत्याभूत गरेका नागरिकको मौलिक हकको अवहेलना हुन पुगेको छ ।

स्वतन्त्र र निर्भयपूर्ण चुनावी वातावरणमा मतदान गर्न पाउने र निर्वाचित हुन पाउने नागरिकको अधिकार सुनिश्चित गर्न आयोग नेपाल सरकार, राजनीतिक दल एवम् सबै सरोकारवालाहरूसँग आग्रह गर्दछ ।

महम्मद आलममाथि गोली प्रहार गर्ने व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउन पनि आयोग नेपाल सरकारसँग आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org